आज मिति २०७३ साल आषाढ २८ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. लेखा अधिकृत श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

३. सा.वि. शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने, र.न.पा. कार्यालय द

४. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

५. भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई. श्री राजु अर्याल, र.न.पा. कार्यालय द

६. आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

७. जिन्सी तथा खरिद व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

८ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

९. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द

१०. ने.न.क.ए. इकाई समिति रत्ननगरका अध्यक्ष श्री राजेन्द्र महतो द

**निर्णय :**

**निर्णय नं. १:**

यस रत्ननगर न. पा. को वार्षिक खरिद योजना उप समितिले पेश गरेवमोजिम आ. व. २०७३।७४ को वार्षिक खरिद योजना तथा आ. व. २०७३।०७४ को कार्य संचालन तालिका स्वीकृत गरी लागु गर्ने र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय पठाउने निर्णय गरियो ।

**निर्णय नं. २:**

बजार अनुगमन तथा मासु निरिक्षणबाट पेश भएको प्रतिवेदन उपर छलफल गरियो । प्रतिवेदनले औंल्याएका सुझाव, अनुगमन गर्दा फेला परेका कमजोरी पक्ष र त्यस उपर सजग गराउँदै गरिएको काम कारवाहीलाई समर्थन गर्ने र सुझाव अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगरपालिकाको आव्हान वमोजिम मुख्य बाटो तथा शाखा बाटोहरुमा हरियाली कायम गर्न नगरवासीहरुबाट स्व:फूर्तरुपमा बृक्षारोपण गरी सडकको ५०% भन्दा बढी क्षेत्रमा हरियाली मार्ग बनाउन सहयोग गर्नुहुने नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।